


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क २१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ३२ गते सोमबार ❑ 16 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्रीलाई एमालेको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई नेकपा (एमाले ) प्रदेश संसदीय दलले ध्यानाकर्षणपत्र बुझाएको छ।

एमाले संसदीय दलका नेता पृथ्वीसुब्बा गुरुङ र प्रमुख सचेतक मायानाथ अधिकारीसहितको टोलीले आइतबार मुख्यमन्त्रीलाई विगतको योजनालाई निरन्तता दिन आग्रह गरेको हो । सो अवसरमा मुख्यमन्त्री पोखरेलले अघिल्लो सरकारले अगाडि बढाएका मूलभूत कार्ययोजनालाई निरन्तरता दिएको जानकारी दिए । उनले भौतिक पूर्वाधारका



१५ मध्ये १० योजना अघि बढाउने प्रक्रियामा रहेको र रु ३८ अर्बको बजेट रु ३० अर्बमा खुम्चिएको जानकारी दिए। भौतिक पूर्वाधार विकासमन्त्री कुमार खड्काले अघिल्लो सरकारले ल्याएका कार्यक्रम रातो किताबमा समेटिएको र केही छुटेको भए पुनः अध्ययन गरेर अघि बढ्न सकिने बताए।

## दुई हजार २१२ मा संक्रमित, ३३ जनाको मृत्य

**रासस**
**काठमाडौं, ३१ साउन**

पछिल्लो २४ घण्टामा नेपालमा दुई हजार २१२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पिसीआर र एन्टिजेन विधिबाट गरिएको १२ हजार १०६ परीक्षणमा दुई हजार २१२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो । योसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमित हुनेको सङ्ख्या सात लाख ३२ हजार २७२ पुगेको छ । यसैगरी पछिल्लो २४ घण्टामा एक हजार ८६७ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै नेपालमा हालसम्म सङ्क्रमण मुक्त हुनेको सङ्ख्या छ लाख ८२ हजार ६८२ जना पुगेको छ । नेपालमा हाल ३५ हजार १८ होम आइसोलेशन र चार हजार २८० जना संस्थागत आइसोलेशनमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सराङ्कोट मेथ्लाङमा कार दुर्घटना हुदाँ एकको मृत्यु, दुई घाइते

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

पोखरा १८ स्थित सराङकोट मेथ्लाङमा कार दुर्घटना हुँदा एक युवाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । गएराति करिब १२:०० बजे मेथ्लाङ डाँडाबाट पोखराको जरेवर तर्फ आउने क्रममा ग १ च ७२३४ नम्बरको कार सडकदेखि अनियन्त्रित हुँदा सडक डिलबाट तल तर्फ खस्न पुग्दा पोखरा न्यूरोडका करिब ४४ बर्षीय बद्री खत्रीको घटनास्थलमै मृत्यु भएको कास्की प्रहरीले जनाएको छ।

कारमा सवार भएका पोखराका दुई जना युवतीहरु सामान्य घाईते भएका छन् । उनीहरुको सशस्त्र प्रहरी वल कालिका गण तथा नेपाली प्रहरी र स्थानीयले आइतबार बिहान उद्धार गरी पोखराको सहारा अस्पतालमा पुराएका हुन् । पोखराकी २३ बर्षीया सपना घोताने र पोखराकै २३ बर्षकी किरण अर्याल सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय कास्कीका



प्रहरी निरिक्षक दीपक केसीले जनाए । उनका अनुसार उक्त कार दुर्घटनाको थप अनुसन्धान भई रहेको छ।

सशस्त्र प्रहरी वल कालिका गणका शसस्त्र प्रहरी निरिक्षक उमेश ढकाल सहितको टोलीले करिब साँढे दुई घण्टा लगायर करिब दुई सय मिटर तलबाट कार दुर्घटनामा परेकाहरुको उद्धार गरेको थियो । निकै ठुलो खोच र रातिदेखि पानी परेकोले उद्धार गर्न आफुहरुलाई निकै कठिन भएको उनले जनाए। डोरी र स्टेचरको सहायताले सुरक्षाकर्मीले उनीहरुलाई उद्धार गरेका हुन् । भिर तर्फको सडकमा तारवार र रेखाङ्कन नहुदा रातिको समयमा सडक दुर्घटना भएको हुन सक्ने स्थानीय राजु तमिल्सिनाले बताए। पोखरा १८ का वडा अध्यक्ष रणबहादुर थापाले रातिको समयमा कच्ची सडकमा गाडी चलाउदा सावधानी अपनाउन नसक्दा दुर्घटना भएको हुन सक्ने बताए । उक्त दुर्घटना भए पश्चात कारमा सवार भएका युवतीहरुले राति करिब २:०० बजे नै प्रहरीलाई खबर गरे पनि दुर्घटना स्थल पत्ता लगाउन प्रहरीलाई मुस्किल हुँदा विहानै कुर्नु पर्‍यो । विहान करिब ५:४५ बजे दुर्घटना स्थलबाट महिलाहरुको आवाज आए पछि स्थानीयले खबर गरेर मात्र प्रहरी दुर्घटना स्थलमा पुगेका थिए।

## कांग्रेसले भदौ २ गतेभित्र क्रियाशील सदस्यता विवाद समाधान गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकले केन्द्रीय क्रियाशील सदस्यता छानविन समितिका संयोजक रमेश लेखकले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित गरेको छ । आइतबार सम्पन्न बैठकले उक्त प्रतिवेदनमा निर्णय गर्न बाँकी रहेका कार्य पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजाल र केन्द्रीय सदस्य लेखकले भदौ २ गते भित्र सहमतिमा टुङ्गो लगाई भदौ ३ गते केन्द्रीय सभापतिलाई बुझाउने निर्णय गरेको हो।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको निजी निवास, बूढानीलकण्ठमा यही साउन २८ गतेदेखि प्रारम्भ भइ आज सम्पन्न बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको १४ औं महाधिवेशनको नयाँ कार्यतालिकासम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ। महाधिवेशनको संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन भदौ १८ गते, गाउँ/नगर पालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गते, केन्द्रीय महाधिवेशन मङ्सिर ९ देखि १३ गतेसम्म काठमाडौँमा हुनेछ। बैठकले पार्टीका उपसभापति एवं अन्य राजनीतिक दल समायोजन समितिका संयोजक विमलेन्द्र निधिले प्रस्तुत गर्नुभएको प्रतिवेदन पनि पारित गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । यसैगरी बैठकबाट प्राप्त सुझावलाई समेत ध्यानमा राखी निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवको परामर्शमा सहमहामन्त्री डा प्रकाशशरण महत र केन्द्रीय सदस्य डा मिनेन्द्र रिजालले भदौ १ गते सहमतिमा टुङ्गो लगाई भदौ २ गते भित्र सभापतिलाई बुझाउने गरी पार्टीको निर्वाचन निर्देशिका पारित गरिएको छ। पार्टीको १४ औं महाधिवेशनका लागि गाउँ/नगर/उपमहानगर र महानगर पालिकाको कार्यसमितिको सभापतिको उम्मेदवार क्षेत्रीय प्रतिनिधिबाट हुन पाउने, सभापति बाहेकको कार्यसमितिका पदाधिकारी र सदस्यको उम्मेदवार क्रियाशील सदस्य पनि हुन सक्नेरगाउँ/नगर/उपमहानगर/महानगर पालिका कार्यसमितिमा मतदाता वडा सभापति र क्षेत्रीय प्रतिनिधि हुने व्यवस्था गरिएको छ । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वका सन्दर्भमा विधान र नियमावलीमा गरिएको पालिकाका क्रियाशील सदस्यहरूले निर्वाचित गर्ने भनी उल्लेखित गरिएका पदहरूको निर्वाचन वडा सभापति र क्षेत्रीय प्रतिनिधिले गर्ने निर्णय भएको जानकारी सचिव पौडेलले दिनुभयो । कांग्रेसले विदेशस्थित नेपाली जनसम्पर्क समितिको गठन र प्रतिनिधित्वसम्बन्धी कांग्रेसको विधानमा संशोधन गरेको छ।

विधानमा गरिएका संशोधन पार्टीको आगामी महाधिवेशनबाट अनुमोदन गरिने छ । बैठकले म्याद समाप्त भएका पार्टी आवद्ध भ्रातृ सङ्घहरू नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दल, नेपाल प्रजातन्त्र सेनानी सङ्घ, नेपाल किसान सङ्घ, नेपाल दलित सङ्घ, नेपाल आदिवासी जनजाती सङ्घ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घ, नेपाल तामाङ्ग सङ्घ र नेपाल ठाकुर समाजको पदावधी समाप्त भएको मितिले छ महिना थप गर्ने निर्णय गरेको छ।

## अफगानिस्तानमा रहेका नेपालीको उद्धारका लागि कार्यदल गठन

**रासस**
**काठमाडौं, ३१ साउन**

सरकारले अफगानिस्तानमा विकसित पछिल्लो घटनाक्रमका कारण त्यहाँ रहेका नेपालीको वस्तुगत अवस्था पत्ता लगाउनका लागि परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक कार्यदल गठन गरेको छ।

परराष्ट्र मन्त्रालयका अनुसार मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुखको संयोजकत्वमा अर्थ, गृह, श्रम तथा रोजगार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल प्रहरी, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र कन्सुलर सेवा विभागका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका सदस्य रहने गरी कार्यदल गठन गरिएको हो ।

रोजगारीका सिलसिलामा अफगानिस्तानमा रहेका नेपालीको वस्तुगत अवस्था यकिन गरी आवश्यक समन्वय तथा उद्धारका लागि मुख्यसचिव शङ्करदास बैरागीको कार्यकक्षमा आज अन्तर मन्त्रालयको बैठक बसेको थियो । उद्धार प्रयोजनका लागि अफगानिस्तानमा रहेका नेपाली नागरिकको विवरण सङ्कलनका लागि कन्सुलर सेवा विभागको वेबसाइटमा अनलाइन दर्ता गर्ने व्यवस्था गरिएको छ।

अनलाइनमा आफ्नो नामसहितको विवरण उल्लेख गरी दर्ता गर्न सम्बन्धित व्यक्ति वा परिवारलाई आग्रह गरिएको छ। यस्तै उद्धारका लागि भाइबर, ह्वाट्सएपसहितको मोबाइल नम्बर ९७४९३२६४५८ र ९७४९३२६४५९ को व्यवस्था गरिएको छ। आफ्नो अवस्थाका बारेमा जानकारी गराउन वा मन्त्रालयमा सम्पर्क गर्न बैठकले आग्रह गरेको छ।

काबुलस्थित विभिन्न मुलुकका कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा कार्यरत नेपालीको तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्न र स्वदेश फर्काउन सरकारले अमेरिका, बेलायत, क्यानडा, जर्मनी, युरोपेली सङ्घ, जापान तथा संयुक्तराष्ट्रसङ्घको कार्यालयलाई औपचारिक पत्राचार गरिसकेको छ । अफगानिस्तनमा विकसित पछिल्लो घटनाक्रम तथा अवस्थाका बारेमा नयाँ दिल्लीस्थित नेपाली नियोगबाट ट्राभल एडभाइजरी जारी गरिएको छ । आवश्यक सहयोगका लागि दूतावासको विभिन्न फोन तथा अन्य सम्पर्क नम्बरसमेत उपलब्ध गराइएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

त्यस्तै अफगानिस्तानमा वैदेशिक रोजगारीका लागि पठाउने म्यानपावर कम्पनीले त्यहाँ कार्यरत नेपालीको विवरण तथा उद्धार कार्यका लागि भरपर्दो सूचना एवम् तथ्याङ्क उपलब्ध गराउनसमेत आग्रह गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## माओवादी केन्द्रीय समिति बैठकमा ३५ प्रतिशत महिला सहभागिता सुनिश्चित

**रासस**
**काठमाडौं, ३१ साउन**

नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समितिको बैठकले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पेस गर्नुभएको राजनीतिक र विधान संशोधन प्रस्तावलाई पारित गरेको छ । शनिबारदेखि जारी केन्द्रीय समितिको बैठक आइतबार सम्पन्न भएको हो।

पारित भएको प्रस्तावबमोजिम अब माओवादी केन्द्रको जिल्ला समितिहरू खारेज भएका छन् । संविधानको व्यवस्थाअनुसार अब सङ्घमा केन्द्रीय समिति, प्रदेशमा प्रदेश समिति र स्थानीय तहमा स्थानीय समितिहरू रहने छन् । प्रदेश र स्थानीय समितिलाई समन्वय गर्नका लागि जिल्ला समन्वय समिति रहने छ। अन्य राजनीतिक दल संविधानअनुरूप अगाडि बढ्न नसकेको अवस्थामा माओवादीले नेपालको संविधानले व्यवस्था गरेको राजनीतिक प्रणालीअनुसार आफूलाई ढाल्ने प्रयास गरेको हो।

पारित विधानअनुसार अब केन्द्रीय समितिमा युवाले २० प्रतिशत हिस्सा पाउने भएका छन्। यस्तै महिलाको स्वामित्व ३५ प्रतिशत निश्चित गरिएको छ। यस्तै दलितलाई केन्द्रमा १५ प्रतिशतको हिस्सेदारी गराइनेछ । बैठकपछि प्रवक्ता नारायणकाजी श्रेष्ठले भन्नुभयो, "समाजवादी क्रान्तिको तयारीका लागि सबै वर्ग तथा समुदायलाई नेतृत्व तहमा स्थापित गर्ने लक्ष्यअनुसार यस्तो व्यवस्था गरिएको हो।"

युवाको जोस र जाँगर तथा ज्येष्ठ नेतृत्वको कूल जोडबाट मात्रै समाजवादी क्रान्ति गर्ने पार्टी बनाउन सकिन्छ भन्ने ध्येयका साथ माओवादीले त्यस्तो व्यवस्था गरेको जनाएको छ। माओवादीले संविधानको रक्षा र प्रतिगमनको विरोधमा स्थापना भएको वाम लोकतान्त्रिक गठबन्धनलाई पूर्ण रूपमा सफल बनाउने र आगामी निर्वाचनसम्म कायम राख्ने भएको छ।

यसै आधारमा वर्तमान सरकारलाई जनपक्षीय बनाउँदै सफल बनाउने निष्कर्ष निकालेको छ। वाम लोकतान्त्रिक गठबन्धनको सरकारलाई पूर्ण कार्यकाल र प्रतिनिधिसभालाई पनि पूर्ण कार्यकाल कायम राख्ने गरी सफल बनाउन आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने माओवादीको निर्णय छ। नेपाली जनताको साथ र सहयोगमा प्रतिगमन पराजित भए पनि फेरि पनि त्यसको खतरा कायमै रहेको भन्दै माओवादीले त्यस्तो प्रवृत्तिविरुद्ध खबरदारी जारी राख्ने भएको छ।

बैठकपछि प्रवक्ता श्रेष्ठले भन्नुभयो, "प्रतिगामी खतरा कायमै रहेको र सजग भएर अघि बढ्नुपर्नेछ । राष्ट्रिय एकताका लागि वाम लोकतान्त्रिक सहकार्यलाई निरन्तरता दिन आवश्यक छ।" यस्तै माओवादीले आगामी पुसको ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलन गर्ने भएको छ । केन्द्रीय समितिको बैठकमा टोली नेताले दिनुभएको सुझावका आधारमा आवश्यक निर्णय गरिएको प्रवक्ता श्रेष्ठको भनाइ छ । अध्यक्ष दाहालले पेस गर्नुभएको प्रस्तावमाथि छलफल गर्न विभिन्न आठ समूहमा विभाजन गरिएको थियो।

समूहगत छलफलमा आएको सुझावलाई समेटेर विभिन्न प्रतिवेदनहरू पारित गरिएको हो । बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले पार्टीलाई विचारसहितको क्रान्तिकारी रुपान्तरण गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिनुभयो। उहाँले पार्टीलाई स्पष्ट कार्ययोजनाका साथ अगाडि बढाउने र त्यसका लागि पार्टीको सम्पूर्ण पङ्क्तिको योगदान जरुरी रहेको बताउनुभयो।



# प्रदेशको सहासिक खेलकुदको गन्तव्यको रुपमा अघि बढाऔंछौं: मन्त्री मनाङे

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

गण्डकी प्रदेशका यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङ (दिपक मनाङे) ले यूवा तथा खेलकुद मन्त्रालयले प्रदेशको सहासिक खेलकुदको गन्तव्यको रुपमा अघि बढाउने बताए।

कास्की जिल्ला तेक्वान्दो संघको शनिबार पोखरामा सम्पन्न भएको १२ औं साधारण सभा तथा पाँचौ अधिवेशनको उद्घाटन गर्दै मन्त्री मनाङेले प्रदेशमा सहासिक खेलकुद गतिविधि हाल संचालन हुदै आएकोले त्यसलाई सरकारले सहासिक खेलकुद गतिविधिलाई गन्तव्यकै रुपमा अघि बढाउने बताएका हुन् । सामुदायिक विद्यालयमा खेलकुदको गतिविधिलाई अघि बढाउन विशेष योजनाहरु ल्याउने जनाएका उनले विगतको सरकारलाई भन्दा अहिलेको सरकारलाई खेलकुदबारे वुझाउन कठिन भएको गुनासो गरे । उनले भने "अहिलेका मन्त्रीहरुलाई खेलकुदको बारेमा बुझाउन मलाई निकै सकश परेको छ, पहिलेको सरकारमा प्राय सबै मन्त्रीहरु खेलकुद वुझ्ेको हुनुहुन्थ्यो, तर अहिले एउटै कुरा मुख्यमन्त्री देखि मन्त्रीसम्म वुझाउँदै हिड्नु परेको छ।"

पोखरा रंगशालामा मार्शल आर्टस प्रशिक्षण केन्द्रको निर्माणको योजना अघि सारिएको बताएका मन्त्री मनाङेले बजेटका कारण दुई तले प्रशिक्षण भवन बनाउने जनाए । मन्त्री गुरुङले मन्त्रालयमा प्राप्त ८ करोडको बजेटलाई बढाएर ५० करोड बनाउन सफल भएको दाबी गरे।

प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङले सवै वर्ग र समाजको खेलकुद संस्कृतीको विकास गर्न आवश्यक भएको बताए । हालै उपाध्यक्षमा नियुक्ति भएका उनले प्रदेशको खेलकुद विकासमा आफुहरु कटिवद्ध भएर लाग्ने जनाए। प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले परिषदले हाल उत्कृष्ट खेलाडीहरुको उत्पादन, सवैका लागि खेलकुद, शिप अभिवृद्धी, र पूर्वाधार विकास गरी चारवटा कुरालाई मुख्य गरी अघि बढाएको बताए।

नेपाल तेक्वान्दो संघका उपाध्यक्ष हरिश्वर पोखेलले ४० वर्षको इतिहासमा तेक्वान्दो खेलको विकास हुन नसक्नुको पछाडी राजनिती नै मुख्य जिम्मेवार रहेको गुनासो गरे। लगातार करिब डेढ दशक कास्कीको तेक्वान्दो संघको अध्यक्षमा रहेका जगन बहादुर गुरुङले आफ्नो कार्यकालमा सहयोग गर्नेहरु प्रति आभार व्यक्त गरे। सो अवसरमा कास्की जिल्ला तेक्वान्दो संघले तेक्वान्दो खेलमा अनवरत रुपमा सहयोग गर्ने संघकी निवर्तमान द्वितिय उपाध्यक्ष तथा प्रदेश खेलकुद परिषद गण्डकीकी सदस्य निर्मला बराल, निवर्तमान प्रथम उपाध्यक्ष राजु श्रेष्ठ र निवर्तमान कार्य समिती सदस्य भुपाल सिंह गुरुङलाई सम्मान गरिएको थियो।

सोही अवसरमा कास्की जिल्लामा रहेर विभिन्न डोजाङमा प्रशिक्षण गराइरहेका १४ जना प्रशिक्षकहरुलाई करिव ४ लाख बराबरको खेल सामाग्री हस्तान्तरण गरिएको थियो । कास्कीमा हाल ३२ डोजाङमा करिब २ हजार ५ सय खेलाडी प्रशिक्षणमा रहेको बताइन्छ।

यसैबिच, कास्की जिल्ला तेक्वान्दो संघको अध्यक्षमा कुमार गुरुङ सर्वसम्मत रुपमा निर्वाचित भएका छन । संघको शनिबार सम्पन्न १२ औं साधारण सभा तथा पाँचौ अधिवेशनले गुरुङलाई अध्यक्ष पदमा सर्वसम्मत रुपमा निर्वाचित गरेको हो । संघको उपाध्यक्षमा कुलचन्द्र शर्मा, सचिवमा दिपेन्द्र पाहारी, कोषाध्यक्षमा किरण गौतम चयन भए भने समितिको अन्य सदस्यहरुमा प्रितम कुवर, अरुण माझी, रेख माया गुरुङ, कृष्ण महर्जन र निशान कार्की सर्व सम्मत रुपमा निर्वाचित भएका हुन्।

# औद्यागिक तथा पर्यटन क्षेत्रका छ हजार ७०० व्यवसायीलाई खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

पोखरामा औद्यागिक तथा पर्यटन क्षेत्रका छ हजार ७०० उद्योगी तथा व्यवसायीलाई कोरोनाविरुद्धको खोप लगाइएको छ।

पोखरा उद्योग वाणिज्य सङ्घ, पोखरा पर्यटन परिषद्लगायतका सङ्घसंस्थाको अगुवाइमा पोखरामा पर्यटन व्यवसायी, उद्योग व्यवसाय एवं मजदुरलाई खोप उपलब्ध गराइएको हो।

शनिबार पोखरा उद्योग वाणिज्य सङ्घको सचिवालयमा एक हजार ४०० जनालाई कोरोनाविरुद्धको खोप लगाइएको सङ्घका अध्यक्ष नारायण कोइरालाले जानकारी दिनुभयो । दैनिक सयौं उपभोक्तालाई आवश्यक पर्ने सामान उपलब्ध गराउँदै आएका व्यावसायिक प्रतिष्ठान कोभिड फैलाउने केन्द्र नबनून् भन्नेतर्फ पटक-पटक सरोकारवालाको ध्यानाकर्षण गराइएको जानकारी दिँदै उहाँले थोरै सङ्ख्यामा भए पनि खोप उपलब्ध हुनुले आफूहरूलाई उत्साहित बनाएको बताउनुभयो।

उहाँका अनुसार खोपको सुनिश्चितताका लागि सङ्घले गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला प्रशासन कार्यालय कास्कीसहित सङ्घीय सरकारका स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठलाई पनि गुहारेको थियो । सङ्घका पूर्वअध्यक्ष तथा गण्डकीका कानून, सञ्चार तथा प्रदेश मामिलामन्त्री विन्दुकुमार थापासहित सङ्घका अध्यक्ष कोइराला, वाणिज्यतर्फका उपाध्यक्ष तथा खोप व्यवस्थापन उपसमिति संयोजक अर्जुन पोखरेल, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराई, विन्ध्यावासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठलगायतको प्रतिनिधिमण्डलले स्वास्थ्य राज्यमन्त्रीलाई भेटेर खोपको माग गरेको थियो।

अत्यावश्यक सामग्रीको उत्पादन गर्ने औद्योगिक क्षेत्र तथा पर्यटन आबद्ध व्यसायी र मजदुरले खोप पाउनु सुखद् भएको उहाँले बताउनुभयो। अध्यक्ष कोइरालाका अनुसार सङ्घले एक हजार ४००, पोखरा पर्यटन परिषद्को समन्वयमा दुई हजार ५००, पोखरा औद्योगिक क्षेत्रमा एक हजार, लेखनाथ उद्योग वाणिज्य सङ्घमा ९०० तथा पोखरा चेम्बर अफ कमर्ससँग आबद्ध ९०० व्यवसायीले खोप पाएका छन् । आगामी दिनमा थप व्यवसायीलाई खोप उपलब्ध गराउन निरन्तर लागिरहने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

सङ्घका उद्योगतर्फका उपाध्यक्ष तथा खोप व्यवस्थापन उपसमितिका संयोजक पोखरेलले यसअघि नै उमेर समूहअन्तर्गत केही व्यवसायीले खोप लगाइसकेको जानकारी दिँदै प्रतिष्ठानमा अग्रमोर्चामा रहने कर्मचारीले पनि खोप पाएसँगै व्यावसायिक क्षेत्र केही ढुक्क हुने अवस्था सिर्जना भएको बताउनुभयो।

# दुई महिनापछि बल्यो मादीका ६५० घरमा बिजुली

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**

कास्कीको मादी गाउँपालिका-१ मा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइनको बिजुली पुऱ्याइएको छ । पर्यटकीय गन्तव्यसमेत रहेको सिक्लेससहित मादी-१ का पार्चे र खिलाङ गाउँका ६५० घरधुरी असार १ देखि अन्धकारमा रात गुजार्न बाध्य थिए।

सुरुआतमा स्थानीय लघुजलविद्युत् र पछि सिक्लेस हाइड्रोबाट गाउँमा बिजुली बत्ती बाल्दै आएका गाउँले मादीको सहायक ङ्च नदीमा गत असार १ गते राति आएको बाढीले क्षति पुऱ्याएकाले अँध्यारोमै बस्दै आएकामा शनिबारदेखि नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारणको बिजुली उपलब्ध गराइएको हो । गाउँपालिकाका अध्यक्ष बेदबहादुर गुरुङले शनिबार सामुहिक मिटर बक्सको स्वीचअन गरी लाइनको शुभारम्भ गर्नुभएको थियो । सबै घरमा मिटर जडान गर्न समय लाग्ने भएकाले तत्कालका लागि एउटा सामूहिक मिटर राखेर पुरानो संरचनाबाट ६५० घरमा नै बिजुली बालिएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "बाढीले क्षति पुऱ्याएकाले दुई महिना जनताले दुःख पाए पनि शनिवारदेखि विद्युत् प्राधिकरणसँगको समन्वयमा सिक्लेस, पार्चे तथा खिलाङ गाउँमा केन्द्रीय प्रसारणको बिजुली पुगेको छ । सबैको निरन्तरको मेहेनत र सहकार्यबाट गाउँमा बत्ती बाल्न सफल भएका छौं।"

बिजुली अभावमा लामो समय वडा कार्यालय, बैंक, सहकारी, एक्याप कार्यालयको सेवा प्रवाहमा असर परेको थियो।

गाउँमा मोबाइल चार्जको समेत समस्याले सञ्चार सम्पर्क गर्नसमेत कठिनाइ भएको थियो । बाढीले मादी नदी किनारमा निर्माणाधीन र सम्पन्न भएका गरी आधा दर्जन जलविद्युत् आयोजनामा क्षति पुऱ्याएको थियो।

# स्याङ्जा फेदिखोलाको गलेम भिरमा हाइकिङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ साउन**



"स्वास्थ र पर्यटनको लागि हाइकिङ" भन्ने मुल नारा साथ हरेक महिनाको अन्तिम शनिबार हुँदै आएको हाइकिङको १९ औं शृखला शनिबार सम्पन्न भयो।

हाइकर्स क्लब नेपालको आयोजनामा स्याङ्जा फेदिखोला गाउँपालिका ४ आरुखर्क बजार देखि गलेम भिर हुँदै गलेम सम्म हाइकिङ सम्पन्न गरेको हो।

फेदिखोला गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष माधब सुबेदीले आरुखर्कमा रहेको शाह बंसीय दरबारको भग्नाबसेसलाई संरक्षण गरिएको, वडा भएका पर्यटकीय स्थानहरुको पहिचान गरिएको, सर्केटारी आरुखर्क हुँदै पंचासे जाने बाटो पिच गर्ने काम भइरहेको बताए।

बिगत दुई बर्षदेखि गण्डकी प्रदेशका नयाँ नयाँ गन्तव्य हरुमा हाइकिङ संचालन गर्दै आएकोमा कोभिड महामारीले केहि समय हाइकिङ रोकिएको र अहिले अवस्था सामान्य भएको र प्रायः क्लबका सदस्यहरुले खोप लगाई सकेकोले सेनिटाइजर र माक्सको प्रयोग गरी १९ औं शृङ्खला गरिएको क्लबकी सदस्य टीका आचार्यले बताइन्।


फेदिखोला १ सर्केटारी हुदै गलेम पञ्चासे सडकखण्डको भिरखण्ड २ किलोमीटर ६ सय मिटर लामो रहेको र सोही स्थानमा निर्माणाधीन पार्क तथा पिकनिक स्पटको बारेमा स्थानीय युवा पर्यटन ब्यबसायी अशोक लामिछानेले बताए । क्लबका उपाध्यक्ष तथा संयोजक कृष्ण रानाभाटको नेतृत्वमा आरुखर्क पुगेको हाइकिङको समुहलाई फेदिखोला पोखरा सम्पर्क समाजका अध्यक्ष अबिलास गुरुङले स्वागत गरेका थिए।

उक्त समुहले शाह वंशीय आरुखर्क राजाको दरबार भएको स्थान, शिवालय मन्दिर, आरुखर्क बजार, ढुंगे देउराली चौतारी, गलेमको भिर, भिरमा निर्माणाधीन पार्क, गलेम गाउको अबलोकन भ्रमण गरेको थियो।

## दुई हजार...

छन् । त्यसैगरी ७५८ आइसियू र १९३ जना भेन्टिलेटरमा उपचाररत छन् । देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ३९ हजार २९८ जना रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट ३३ जनाको मृत्यु भएको छ। योसँगै मृत्यु हुनेको सङ्ख्या १० हजार २९२ पुगेको छ। कोरोनाबाट मृत्यु हुनेमा ६० वर्ष माथिका व्यक्तिहरू सबैभन्दा धेरै रहेको मन्त्रालयले जनाएको छ। कूल मृतक सङ्ख्यामध्ये पाँच हजार ५२२ जना सो उमेर समूहका रहेका छन्। सबैभन्दा धेरै ज्यान गुमाउनेको दोस्रो सूचीमा ५० देखि ५९ वर्षका उमेर समूहका छन्।





## आवश्यकता

पोखरा-१४, चाउथेमा अवस्थित विद्यालयको लागि Basic Level Maths Teacher आवश्यकता परेको हुदाँ योग्य व्यक्तिले तु:सम्पर्क राख्नुहोला ।

सम्पर्क:
०६१-५०१०५७
९८५६०७९१००

## घर भाडामा

भूपी मार्ग २ अर्चलबोट पोखरा बागलुङ हाई वे बाट ५० मिटर दुरीमा रहेको घर आवा स एवं सहकारी संचालनका लागि उपयुक्त भाडामा छ ।




सम्पर्क नं.
९८४६१५४०७७

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# १२ पुल शिलान्यास, सम्पन्न शून्य

–कृष्ण न्यौपाने
दमौली, ३१ साउन

आर्थिक वर्ष ०७७/७८ मा १२ पक्की पुल शिलान्यास भए पनि एउटा पनि सम्पन्न हुन सकेन । गण्डकी प्रदेश सरकारमार्फत बनाउन लागिएका तीमध्ये छ पुल गत असारमा सम्पन्न हुनुपर्ने थियो। कोरोना कहर र निषेधाज्ञाका कारण समयमै पुल सम्पन्न नभएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

विगतमा प्रदेश सरकारका लगानीमा जिल्लामा पक्की पुल शिलान्यासको लहर चलेको थियो। विभिन्न नदी तथा खोलामा ती सबै पक्की पुल निर्माणाधीन छ। तीमध्ये तीन आगामी असोजसम्म सम्पन्न गर्नुपर्ने म्याद छ । बाँकी पुलको म्याद आगामी आव रहेको कार्यालयका प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिनुभयो । “कोरोना कहरका कारण समयमै सकिनुपर्ने पुलको काम सम्पन्न हुन सकेन”, उहाँले भन्नुभयो।

कोरोना कहरका बाबजुद निर्माण कम्पनीले काम पनि गरेका थिए । लक्ष्यअनुसार भने पूरा नभएको उहाँ बताउनुहुन्छ । निर्माणाधीन सबै पुलको कार्य प्रगति सन्तोषजनक देखिएको उहाँको भनाइ छ। कोरोना कहरमा म्याद सकिएका निर्माणाधीन योजनालाई सरकारको निर्णय अनुसार छ महिना म्याद थप गरिनेछ। “म्याद सकिएका पुल छ महिनाभित्र सम्पन्न हुने गरी काम गर्न निर्देशन गरिएको छ”, उहाँले भन्नुभयो।

गत वर्ष शिलान्यास भएका दुई वटा पुलको काम भने अन्तिम चरणमा पुगेको छ । रिस्ती खोला सोती पसल र बुड्वा खोला लोकतान्त्रिक पुलको काम अन्तिम चरणमा पुगेको हो। “दुवै पुलको काम ९० प्रतिशत सम्पन्न भएको छ, अब स्ल्याब राख्ने काम मात्र बाँकी छ”, उहाँले भन्नुभयो।

निर्माणाधीन ती पुललाई रु २९ करोड एक लाख २९ हजार भुक्तानी भइसकेको कार्यालयले जनाएको छ। यसआवमा प्रदेश सरकारले ती पुललाई रु २६ करोड ४० लाख विनियोजन गरेको छ । सबै पुल सम्पन्न गर्न रु ८९ करोड ६६ लाख ६१ हजार २४० आवश्यक पर्दछ।

चालू वर्षमा पनि प्रदेश सरकाले जिल्लाका १४ मोटरेवल पुल निर्माणका लागि बजेट विनियोजन गरेको छ। ती पुललाई तीन करोड ३० लाख बजेट विनियोजन भएको छ। बजेट विनियोजन भए पनि पुलको उपयोगिता अध्ययन गरी माटो परीक्षण भएपछि विस्तृ आयोजना प्रतिवेदन (डिपिआर) तयार भई स्रोत सुनिश्चितता हुँदा बल्ल काम शुरु गरिने कार्यालय प्रमुख ढुङ्गानाले बताउनुभयो।

वर्षामा सडक सञ्जालबाट सम्पर्क विच्छेद हुने जरेवरका बासिन्दालाई यस वर्षामा पक्की मोटरेवल पुलबाट खोला तर्न पाउने आशा थियो । भिमाद नगरपालिका-८ थामडाँडा र शुक्लागण्डकी नगरपालिका-११ जरेबर जोड्ने गरी बरखोलामा शिलान्यास गरेको पुल गत असार २२ मा सम्पन्न हुनुपर्ने थियो । मुक्तिनाथ दीपज्योति ज्वाइन्ट भेञ्चर पोखराले ठेक्का पाएको पुलको चार वटा पिल्लर ठडिनेबाहेक काम भएको छैन।

हिउँदमा कुलो जत्रै भएर बग्ने बुड्वा खोला यतिबेला तर्न नसक्ने अवस्थामा छ । यहाँका स्थानीवासी घाँस दाउरा र मेलापात गर्न बन्दै गरेको अधुरो पुलबाट जोखिम मोलेर तर्न बाध्य छन् । बुड्वा खोला तरेर लोकतान्त्रिक मोटरमार्गमा सवारी गुडाउने चालकलाई पनि सास्ती छ। वर्षौंदेखि मोटरेवल पुल चाहियो भन्दै आएका स्थानीयवासीको मागलाई सुनवाइ गर्दै प्रदेश सरकारको लगानीमा गत पुसमा बुड्वा खोलामा पुल शिलान्यास भएको थियो । गणेश कुण्ड आइएस निर्माण सेवा नुवाकोटले ठेक्का लिएको पुलको सम्पन्न गर्ने म्याद गत असार २७ मा सकिएको छ।

पुलको काम सक्न १५ प्रतिशत बढी रहेको निर्माण उपभोक्ता समितिका अध्यक्ष पदमराज सेन ठकुरीले बताउनुभयो । “यतिबेला पुल बनाएर सकिन्थ्यो होला । बाढी आएर काम रोकियो”, उहाँले भन्नुभयो, “पुल र सडकका बीचमा फिलिङ गर्ने काम बाँकी छ।”

ऋषिङ गाउँपालिका-४ मधुवन र पाँच रुपटार जोड्ने गरी ज्वाला खोलामा निर्माण थालिएको मोटरेवल पुलको पनि सम्पन्न गर्नुपर्ने मिति सकिएको छ । ठेक्का सम्झौताअनुसार गत असार २५ गते पुल निर्माण सम्पन्न भइसक्नुपर्थ्यो। ज्वाला खोलासहित शालिकराम करिडोरमा मात्र चार वटा पुल शिलान्यास गरिएको थियो। हालसम्म एउटा पनि सम्पन्न भएको छैन।

# सडक कालोपत्र नहुँदा सास्ती

–खेमराज गौतम
बागलुङ, ३१ साउन

बागलुङ बजारदेखि बुर्तिवाङ हुँदै निसीखोला पुग्ने राष्ट्रिय गौरवको आयोजना छ। बागलुङबाट निसी जान पहिला एक दिन लाग्थ्यो अहिले निसीसम्मै सडक कालोपत्र छ। बागलुङ बजारदेखि घोडाँबाधेसम्मको सडक कालोपत्र भएको छैन।

यही सडकमा घण्टौं सवारी फस्ने, जाम हुँने र सडक अवरुद्ध हुँदै आउदा नागरिकलाई सास्ती खेप्नु परेको छ। हिउँदमा एक डेढघण्टामा पार हुँने घोडा बाधेदेखि बागलुङ बजारसम्मको २५ किलोमिटर सडक बर्खामा चार घण्टासम्म लाग्ने गरेको छ।

सडक हिलाम्मे, खाल्टाखुल्टी हुँदा सवारी फस्ने, बिग्रने मात्र होइन दुर्घटनाकोसमेत जोखिम हुँने गरेको छ । बुर्तिवाङबाट सरर कालोपत्र सडकमा आए पनि जिल्ला सदरमुकाम नजिकै सडकको हालत देख्दा यात्रा गर्न नपरोस् भन्ने लाग्ने यात्रु सविना कुँवरले गुनासो गर्नुभयो । “बागलुङको छेउमा जिल्ला सदरमुकाम छ, प्रशासनिक काम गर्न जिल्ला सदरमुकाम आउनै पऱ्यो” उहाँले भन्नुभयो, “कालोपत्र नुहँदा सवारी दुर्घटनाको जोखिम मोलेरै भए पनि यात्रा गर्न बाध्य छन्, यो सडक कहिले कालोपत्र होला भन्ने हामी बागलुङका पश्चिमीवासीले दिन गनेका छौं ।” मध्यपहाडी राजमार्ग मात्रै होइन अर्को राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोर बर्खा लागेपछि अवरुद्ध नै छ । खुलेको तीन चार दिनमानै अवरुद्ध हुँने सडक सडक विभागलाई हस्तान्तरण भए पनि झनै समस्यामा परेको छ। जिल्लाको दक्षिण क्षेत्र जोड्ने करिडोर बन्द छ भने बलेवा हुँदै कुस्मिशेरा जाने सडक मालढुङ्गा पारी पटक-पटक पहिरो जाँदा निकै कष्टकर यात्रा गर्नुपर्ने यात्रुको गुनासो छ । सडक दुर्घटनाको जोखिम मोलेर यात्रु यात्रा गर्न बाध्य भएका छन् । नगरपालिकाभित्रैको रायडाँडा, भकुण्डे र तित्याङ नाम मात्रैका सडक हुन्। बर्खा लागेपछि घण्टौं लाग्छ यात्रुलाई गन्तव्यमा पुग्न छ। तित्याङ र भकुण्डेसम्मका सडक सुधार नहुँदा रायडाँडामा निकै कष्टकरले मात्रै सवारी पुग्ने गरेको बागलुङ नगरपालिका- ११ रायडाँडाका वडाध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो।

जिल्लाका सडक भौगोलिक कारणले समेत भिरालो पहाडमा खनेका हुनाले बर्खामा सडकमा पहिरो जाने, ज्यान हत्केलामै हालेर यात्रु यात्रा गर्न बाध्य रहेका छन्। सडक सुधार भएर नगर बस सञ्चालमा आइसकेको सिगानाको १२ किलोमिटर सडक पार गर्नै अहिले एक घण्टा भन्दा बढी समय लाग्छ। हिउँदमा २५ मिनेटमा पार हुने सडक बर्खामा बिग्रएको छ भने काठेखोला गाउँपालिकाको रेश जाने सडक अवरुद्ध हुँदा र रेशखोला बढ्दा सिगानाकै बाटो रेशमा सवारी गुड्ने गरेका छन् । सिगानाको आलामुनीमा रेश हिँडेका सवारी घण्टौं जाम हुनेभएपछि स्थानीय युवा र सवारी धनी मिलेर सडकमर्मत गरेको स्थानीयवासी कृष्ण खड्काले जानकारीदिनुभयो। बागलुङ बजारदेखि अछेते, भिमापोखरा हुँदै धम्जा जाने सडकको उस्तै हालत छ।

सामान्यतया साढे दुईघण्टामा धम्जाको शिर ओख्ले पुग्न सक्ने सडक भिमापोखरा क्षेत्रमा बढी बिग्रिएको छ । अफ्ठ्यारो घुम्टी तथा सवारी फस्ने स्थानमा ग्राभेल, ढलान र कतै नाली निर्माण गरिएको भए पनि अन्य स्थानमा सडक निकै जोखिमपूर्ण रहेको र भाडाबापत कमाएको रकम सवारीसाधन मर्मत गर्नै खर्च हुने सवारी चालक सागर श्रीसले बताउनुभयो।

“सवारी कहाँ फस्छ, कतिबेला बिग्रन्छ भन्ने टुङ्गो छैन, यात्रुको सेवाका लागि बर्खामा निकै जोखिम मोलेर सवारी चलाइन्छ, धम्जाको धेरै स्थामा पानीको निकास नगर्दा सवारीसाधन फस्ने र चिप्लने गरेका छन्” उहाँले भन्नुभयो,“पञ्चकोट भिमापोखराको सडक निर्माण भइरहेकाले अहिले बन्द छ त्यो सडक अलि छोटो थियो, कहिलेकाहीँ दुई तीन घण्टानै सडकमा सवारी फस्ने गरेको छ, बर्खाको तीन चार महिना सवारी चलाउनै मुस्किल छ, हिउँदमा अल्लि सहज हुन्छ ।” जिल्लामा बर्खाको समय अधिकांश ग्रामीण सडक पहिरोका कारकण बन्द हुँदै आएका छन् । स्थानीय तहले समय समयमा बन्द सडक खुलाउँदै आएको भए पनि निकै जोखिमपूर्ण यात्रा गर्न यात्रु बाध्य हुने गरेको छ। जैमिनी नगरपालिका, बरेङ तर्फका सडकमा बेला-बेलामा सवारीसाधन फस्ने र दुर्घटना हुँदै आएका छन् भने ताराखोला, तमान पुग्ने सडकसमेत दुर्घटना निम्ताउने खालका छन्।

# नौ महिने बालकको उपचारका लागि सहयोग जुट्दै

पोखरापत्र संवाददाता
दमौली, ३१ साउन

विश्वकै दुर्लभ रोगबाट ग्रसित नौ महिने बालक मोहम्मद उस्मान अलीको उपचारमा सहयोग जुट्न थालेको छ । ‘स्पाइनल मस्कुलर एट्रोफी (एसएमए)’ बाट ग्रसित बालकको उपचारका लागि विभिन्न क्षेत्रबाट सहयोग जुट्न थालेको हो। निकै महङ्गो उपचार लाग्ने भएकाले पीडित परिवारले आर्थिक सहयोगको याचना गरेका छन्।

यसैक्रममा लायन्स क्लब अफ शुक्लागण्डकी टाउनले बालकको उपचारका लागि रु ५० हजार हस्तान्तरण गरेको छ। दुःख अप्ठ्यारोमा सहयोग गर्नु मानवीय धर्म रहेकाले क्लबबाट उक्त रकम सहयोग गरिएको क्लबका अध्यक्ष विष्णुबहादुर रानाले जानकारी दिनुभयो । यसैगरी शुक्लागण्डकी-५ स्थित नेपाल मुस्लिम इज्तेमा आमा समूहले बालकको उपचारका लागि रु ४५ हजार सहयोग गरेको छ।

ती बालकमा जन्मिएको तीन महिनामै एसएमए रोगको लक्षण देखिएको परिवारले जनाएको छ। उस्मानका परिवारले उनलाई तीन महिनादेखिनै पोखराका विभिन्न अस्पतालमा उपचार गराएर परीक्षण गर्दा रोग पत्ता नलागेपछि आठ महिनाको उमेरमा कान्ति बाल अस्पताल लगेको थियो। उक्त अस्पतालमा उस्मानको उपचार बाल रोग विशेषज्ञ डा बिना प्रजापतीको निरीक्षणमा भएको थियो। झण्डै २५/३० परीक्षणपछि बिरामीको रगत परीक्षणका लागि भारतस्थित लालपाथ पठाउँदा उस्मानलाई ‘स्पाइनल मस्कुलर एट्रोफी’ रोग लागेको पत्ता लागेको हो । नोवार्टिस जिन थेरापिजले उत्पादन गर्ने उक्त औषधि प्रयोग गर्न सके बिरामीको ज्यान बचाउन सकिने सल्लाह डामानन्धरले दिनुभएको छ। तर उक्त औषधि अन्य औषधि जस्तो सस्तो भने छैन। जोल्जेन्स्मा संसारकै महङ्गो औषधि हो । जोल्जेन्स्मा नामक औषधिलाई नेपाली रु २५ करोड भन्दा बढी पर्ने जनाइएको छ। यो रोग नेपालमा कमै मात्र पुष्टि हुने गरेको छ। उस्मानभन्दा पहिला यस प्रकारको रोग नेपालमा भैरहवाकी २२ महिने सियोना श्रेष्ठमा देखिएको थियो । हाल उनको दुबईमा उपचार भइरहेको छ। उस्मानलाई बचाउनका लागि दमौलीका मुस्लिम युवाहरूले पनि सहयोग सङ्कलन अभियान सुरु गरेका छन्। यो रोगको उपचारका लागि ठूलो धनराशि आवश्यक पर्ने र परिवारको आर्थिक क्षमताले नभ्याउने भएपछि सहयोग सङ्कलन अभियान सुरु गरिएको मोहम्मद गफ्फार (सुदीप) ले जानकारी दिनुभयो।

यसैक्रममा व्यास नगरपालिका-४ स्थित नुरी हन्फी जामे मस्जिदबाट रु २५ हजार १५० सङ्कलन भएको छ। “दमौलीका विभिन्न व्यक्ति तथा सङ्घसंस्थामार्फत् पनि सहयोग जुट्न सुरु भएको छ,” उहाँले भन्नुभयो, “सबैको सहयोग भए बालकलाई बचाउन सकिन्छ।”

# महिला फुटबल दोस्रो चरणमा २८ खेलाडी छनोट

रासस
काठमाडौं, ३१ साउन

एसियन कप फुटबलको छनोटका लागि बन्द प्रशिक्षणमा रहेका ४५ मध्ये दोस्रो चरणमा २८ खेलाडी छनोट गरिएको छ। दोस्रो चरणमा बन्द प्रशिक्षणबाट १७ खेलाडी बाहिरिनु भएको छ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक ग्यारी फिलिप्सले आज दोस्रो चरणमा सहभागी हुने खेलाडीको छनोट गर्नुभएको हो । बन्द प्रशिक्षणका लागि छनोट भएका खेलाडीहरूमा अन्जना रानामगर, एन्जिला तुम्बाप्पो सुब्बा, उषा नाथ, अमिषा कार्की, अमृता जैशी, अनिता बस्नेत, अनिता केसी, अन्जली वाइवा, विमला विक, विमला चौधरी, दीपा राई, गीता राना, हेमा चौधरी, हिराकुमारी भुजेल, इन्दिरा राई, मनिषा राउत, मन्जली तामाङ, निशा थोकर, प्रीति राई, पुजा राना, पुनम जर्घा मगर, रजनी थोकर, रश्मीकुमारी घिसिङ, रेनुका नगरकोटे, सविता रानामगर, सरु लिम्बु, शर्मिला थापा र सिर्जना सिंह रहनुभएको छ। बन्द प्रशिक्षणबाट रेखा पौडेल, सपना राई, सृजना चेम्जोङ, रविना गोले, सुष्मा तामाङ, सुनिता चौधरी, सपना लामा, घिमकुमारी गुरुङ, सृजना खड्का, निर्मला विक, निर्मला उपाध्याय, दीपा न्यौपाने, शिवानी कुसवार, सरस्वती हमाल, कुसुम खतिवडा, सलोनी राना मगर र चुमालुङ्मा राई बाहिरिनु भएको छ।

नेपालले एसियन कप फुटबल २०२२ को छनोट चरण खेल्ने कार्यक्रम रहेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २००२/०३/०१

स्वर्गारोहण : २०७८/०४/२८

**स्व. विष्णुमाया वि. क.**

यस कमलपोखरी संरक्षण समितिका संस्थापक अध्यक्ष केश बहादुर बिश्वकर्माकी श्रीमती एवं कमलपोखरी आमा समूहकी संस्थापक सदस्य **विष्णुमाया वि. क.** को ७६ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज पाचौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**कमलपोखरी संरक्षण समिति परिवार पोखरा-१३**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : १९९५/०६/२९

स्वर्गारोहण : २०७८/०४/२६

**स्व. खिनाउरी सार्की**

यस एकता समाज सुधार समितिका जेष्ठ नागरिक तथा यस समितिका अध्यक्ष पूर्ण बहादुर नेपाली एवं यस समितिका संस्थापक अध्यक्ष भक्त बहादुर नेपाली, आजिवन सदस्य भिम बहादुर नेपाली र चेत बहादुर नेपालीकी ममतामयी आमा एवं आजिवन सदस्य पूर्णकला नेपाली, सन्तुमाया नेपाली, कृष्णमाया नेपाली, लक्ष्मी नेपाली, आशा नेपाली तथा वडा सदस्य मिना नेपालीको सासुआमा **खिनाउरी सार्की**को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**एकता समाज सुधार समिति परिवार**

**पोखरा-२४, कास्कीकोट, नेपाली टोल**